१. यस अघि बैठकमा भएका निर्णयहरुको कार्यान्वयनको अवस्थाको बारेमा समिक्षा भयो ।

२. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकारणबाट प्राप्त च.नं. ६१८, मिति २०८०।०८।१० गतेको पत्रबाट प्राप्त समितिको २० औं बैठकबाट भएका निर्णयहरु बैठकमा अवगत भयो ।

३. सुख्खायामसंगै आगलागिका घटनाहरु बढ्ने भएकोले आगलागिजन्य घटना न्यूनीकरण र आगलागिको समयमा उद्धारको लागि प्रयोग हुने सामग्रीहरुको व्यवस्थापन गर्न सबै स्थानीय तहहरुलाई अनुरोध गर्ने ।

४. विपद्जन्य घटनाबाट पूर्ण रुपमा घरमा क्षति पुगी आवास निर्माणका लागि लाभग्राही पहिचान भै स्थानीय तहबाट सिफारिस आँउदा स्थलगत अनुगमन गरी, बसोबास बिहिन भए नभएको एकिन गरी वास्तविक लाभग्राही एकिन गरेर मात्रै सिफारिस गर्न स्थानीय तहहरुलाई अनुरोध गर्ने ।

५. आगोलागिका हिसाबले जोखिमयुक्त उद्योगहरुमा विशेष सावधानी र सतर्कता अपनाउन, अग्नि नियन्त्रक उपकरणहरु राख्न र २४ सै घण्टा पानी छयाप्न सकिने गरीको व्यवस्थापन मिलाउन सम्बन्धित उद्योगहरुलाई पत्राचार गर्ने ।

६. विभिन्न मितिमा यस जिल्लाको विभिन्न स्थानीय तहहरुमा विपद्जन्य घटनाबाट पूर्ण रुपमा क्षति पुगेका घरहरुको पुनःनिर्णमाको लागि संघ, प्रदेश र स्थानीय तहहरुले नियमानुसार व्यहोर्नुपर्ने लागत सहभागिता अनुदानका रकम यस कार्यालयको विपद् व्यवस्थापन कोषमा पठाइदिन तीन वटै तहमा पुनःताकेता गर्ने ।

७. यस जिल्लामा विभिन्न समयमा भएको विपद्जन्य घटना (बाढी पहिरो र आगलागी) को कारण पूर्ण क्षति भएका निजी आवास पुनःनिर्माणको लागि मिक्लाजुङ गाउँपालिकाका १५३ जनाको निजी आवास निर्माणको लागि रु. ४५,९०,०००।– अक्षेरुपी पैतालिस लाख नब्बे हजार र फाल्गुनन्द गाउँपालिकाका २४ जनालाई रु. ९,६०,०००।– अक्षेरुपी नौ लाख साठी हजार गरी जम्मा रकम ५५,५०,०००।– अक्षेरुपी पचपन्न लाख पचास हजार रकम निजी आवास पुनःनिर्माण तथा पुनःस्थापना अनुदान कार्यविधि बमोजिम लाभग्राहीको बैंक खातामा भुक्तानी दिएकोमा उक्त रकम अनुमोदन गर्ने र अनुदान वितरण गर्न बांकी मिक्लाजुङ गाउँपालिकाका १८ जना र फाल्गुनन्द गाउँपालिकाको २ जनाको अनुदान रकम जम्मा रु. ४,४०,०००।– (रु. चार लाख चालीस हजार) रकम लाभग्राहीको खातामा जम्मा गरिदिने ।

८. जाडोयामसंगै हिमपात हुने र चिसो बढ्ने संभावना भएकोले चिसोबाट जोगिनको लागि विपन्न तथा असहाय परिवारलाई वितरण गर्न सिरक, डस्ना, कमल, जाडोको कपडा, म्याटहरु प्रति स्थानीय तह १०० परिवारलाई वितरण गर्न पुग्ने गरीको कोशी प्रदेश आन्तरिक मामिला तथा मन्त्रालयसंग माग गर्ने ।

९. शीतलहर तथा हिमपातको जोखिम न्यूनीकरण एवं प्रतिकार्य योजना २०७९ लाई अध्यावधिक गरी परिमार्जन सहित जिल्ला विपद् व्यवस्थापन समितिको बैंठकमा पेश गर्न जिल्ला रेडक्रस सोसाइटी पाँचथरका कार्यक्रम अधिकृत श्री गुरु तिम्सिना र जिल्ला प्रशासन कार्यालयका ना.सु. श्री प्रकाश अधिकारीलाई जिम्मावारी दिने ।

१०. यस जिल्लाका विभिन्न स्थानहरुमा निर्माण भएका, निर्माणाधिन सडकहरु गएको वर्षातको समयमा पानी आएको र पहिरोको कारण खाल्डा खुल्डी पर्ने, भासिने तथा माटो थुप्रिइ सवारी आवातजावतमा समस्या भएको र सडक दुर्घटना समेत हुन सक्ने संभावना देखिएकोले उक्त जोखिमयुक्त स्थानहरुको पहिचान गरी निर्माण व्यवसायीसंग समन्वय गरेर यथाशिघ्र सडक मर्मत संभारको व्यवस्था मिलाउन सडक निर्माणसंग सम्बन्धित कार्यालयहरु र स्थानीय तहहरुलाई अनुरोध गर्ने ।

२०८०।०९।१२